# ललितपुर जिल्ला अदालत

तहसिल शाखा

फोनः- अफिस ५५४४२२६, श्रेस्तेदार ५५५१३२३, तहसिल ५५५०३८८, फ्याक्स ५५५०३८७

लगनखेल ललितपुर

Email:- tahashil.dclalitpur@supremecourt.gov.np


वण्डा नं.- १९५

मितिः २०८३/०२/१३

प.सं. ०८२/०८३

चलानी नं. ३८९०

**विषयः म्याद तामेल गरि पठाईदिने सम्वन्धमा ।**

कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं.: ५३८८८
मितिः ०८२।२।२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौ ।

श्री यल हाउजिङ प्रा.लि. थसिखेल -१४ ललितपुर ।

उपरोक्त विषयमा वादी शान्तिराज शाक्य र प्रतिवादी राज कुमार श्रेष्ठ भएको लेनदेन मुद्दामा मिति २०८३।०३।२९ गते तोकिएको लिलामको सूचना यसै पत्र साथ पटाइएको छ। डाँक लिलाम मिति भन्दा १५ दिन अगावै उक्त डाँक लिलामको सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी सो को भर्पाइ यस अदालतमा पठाईदिंनु हुन अनुरोध छ।

श्री कानून शाखा

२०८३/०२/२९

..........................

हरि वहादुर खत्री

तहसिलदार

प्रस्तुत सूचना website मा अपलोड गर्नु हुन

बिगो नं. १९५
तहसिल शाखा

# श्री ललितपुर जिल्ला अदालतबाट सर्वसाधारणका निमित्त जारी भएको डाँक लिलामी सुचना

उप्रान्त वादी चैत्यराज शाक्यको नाति बुद्धिराज शाक्यको छोरा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १२ वस्ने शान्तिराज शाक्य र प्रतिवादी ईन्द्रगोपाल श्रेष्ठको नाति मानकाजी श्रेष्ठको छोरा रौतहट जिल्ला डुमरिया गा.वि.स. वडा नं. ९ घर भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १४ वस्ने राज कुमार श्रेष्ठ भएको लेनदेन मुद्दामा ललितपुर जिल्ला अदालतको मिति २०८०।०१।१३ गतेको फैसला बमोजिमको साँवा रकम रु.१७,००,०००।– (सत्र लाख रुपैया) सोको व्याज र अदालती शुल्क समेतको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्नसमेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरीपाउने विगो तपसिल वमोजिमको सम्पत्तिबाट भराई पाउँ भनि वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पति मिति २०८३।०३।२९ गते यस अदालतमा दोस्रो पटक डाँक लिलाम हुने भएकोले डाँकबढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सुचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

१. यस अदालतको तहसिल शाखामा मिति २०८३।०३।२९ गते दिनको १० बजेदेखि ५ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिने छ।
२. डाँकलिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँकलिलाम हुने छ।
३. कायम भएको न्युनतम पञ्चकिर्ति मुल्यबाट डाँकवढाबढ गर्नुपर्ने छ।
४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्ने छ । बाँकी बोलकबोल रकम डाँकलिलाम भएका मितिबाट ७ दिनभित्रमा दाखिल गर्नुपर्ने छ । त्यसरी ७ दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १०% रकम जफत गरी पुनः डाँक लिलामको सुचना प्रकाशित गरिने छ ।
५. डाँक लिलाम बढावढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईने छ ।
६. डाक लिलाम सम्वन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला
७. लिलाम सुचना टाँस हुने स्थानहरुः- प्रतिवादीका नाँउमा एक प्रति , जग्गा रहेको स्थानमा १ प्रति, जग्गा भएको न.पा.को वडा कार्यालयमा १ प्रति, अदालत भवन रहेको ललितपुर महानगर पालिका वडा नं.१५ को वडा कार्यालयमा १ प्रति, बढी जनसम्पर्क हुने मालपोत कार्यालय ललितपुरमा १ प्रति र ललितपुर जिल्ला अदालत भवनको सुचना पाटीमा १ प्रति समेत ।

डाँकलिलाम हुने सम्पत्तिको विवरण

| सि.नं. | शेयर धनीको नाम थर | शेयर रहेको संस्था | शेयर संख्या | शेयर कित्ता | डाँक वोल्नुपर्ने न्युनतम अंक |
|---|---|---|---|---|---|
| १ | राज कुमार श्रेष्ठ | यल हाउजिङ प्रा.लि. | २५०००१ देखि | २६०२०० सम्म | प्रति कित्ता रु.१५०।- |

ईति संम्वत २०८३ साल जेष्ठ महिना २० गते रोज ४ शुभम ..........................................................................

Scanned with CamScanner